आज मिति २०८०।४।१४ गतेका दिन यस दुधपोखरी गाउँपालिका, लमजुङका अध्यक्ष श्री धनप्रसाद गुरुङ ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिल बमोजिमका निर्णयहरु गरीयो ।

तपशिल

| सि.न. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | धन प्रसाद गुरुङ | अध्यक्ष | (हस्ताक्षर) |
| २ | क्षेत्र बहादुर गुरुङ | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३ | दुर्गामान गुरुङ | सदस्य (वडाध्यक्ष-१) | — |
| ४ | अमर गुरुङ | सदस्य (वडाध्यक्ष-२) | (हस्ताक्षर) |
| ५ | श्याम गुरुङ | सदस्य (वडाध्यक्ष-३) | (हस्ताक्षर) |
| ६ | ओम बहादुर गुरुङ | सदस्य (वडाध्यक्ष-४) | — |
| ७ | दल बहादुर गुरुङ | सदस्य (वडाध्यक्ष-५) | — |
| ८ | बेल बहादुर गुरुङ | सदस्य ( का.बा.वडाध्यक्ष-६) | (हस्ताक्षर) |
| ९ | गोरी मायाँ गुरुङ | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १० | सिता भुजेल | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| ११ | गंगा गुरुङ | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १२ | रश्मी गुरुङ | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १३ | खेम राज घले | कार्यपालिका सदस्य | — |
| १४ | जस बहादुर घले | कार्यपालिका सदस्य | — |
| १५ | पर्शुराम उपाध्याय | सदस्य सचिव ( प्रमुख प्रशासकीय अधिकृत ) | (हस्ताक्षर) |
| सहयोगी कर्मचारी | | | |
| १ | कुश्मी घले | दुधपोखरी गाउँपालिका कार्यालय | (हस्ताक्षर) |

Scanned with CamScanner

प्रस्तावहरु:

१ कार्यक्रमको समिक्षा सम्वन्धमा ।

२ प्रधानमन्त्रि रोजगार कार्यक्रमका योजना छनौट सम्वन्धमा ।

३ हाते टयाक्टर खरिदका लागि अनुदानको रकम जम्मा गर्ने सम्वन्धमा ।

४ सुधारिएको चुल्हो बितरण सम्वन्धमा ।

५ नाला सफाइ सम्वन्धमा ।

६ सडक सफाइ सम्वन्धमा ।

७ सौर्य उर्जा जडान सम्वन्धमा ।

८ गत आवमा भुक्तानि दिनु पर्ने पत्रपत्रिका संचार / खेलकुद/अन्य संस्था सहायता /विपद/ बैठक खर्च व्यवस्थापन स्वास्थ्य /इन्टरनेट / आर्थिक सहायता/ किसान सूचिकरण / घरभाडा / कार्यालय संचालन लगायतका रकम भुक्तानि दिने सम्वन्धमा ।

९ उलिभुमि आमा समुह वार्ड नं. ६ मा रु २००००।-, बन्सार बेसी पहिरो नियन्त्रणका लागि रु २०००००।- र प्यारजुङ जोर्नी सडक अन्तरगतको सडक सफाइको रु १४६२५७।- र चिल्लि दोभान देखि बिचौर अन्तरगतका शाखा सडक सफाइको रु २०६१८४।- रकम भुक्तानि भएकोमा सो रकमलाइ अनुमोदन सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नम्बर १ मा छलफल गर्दा आ.ब. २०७८।०८९ मा यस दुधपोखरी गाउँपालिकाबाट बिषयगत शाखाहरु (स्वास्थ्य शिक्षा, योजना कृषि तथा पशु, रोजगार, महिला तथा वालवालिका ) ले सम्पादन भएका कार्यहरुको समिक्षा गर्दा कार्यालयको कार्यमा सहज ल्याउने जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधिहरु एवं कर्मचारीहरुलाइ धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । साथै गत आ.ब. २०७९।०८० को बिषयगत समिक्षा कार्यक्रम मा सुधार गर्नु पर्ने कुराहरुलाइ क्रमश सुधार गर्ने निर्णय समेत गरियो ।

निर्णय नं. २ प्रस्ताव नम्बर २ मा छलफल गर्दा यस चालु आ.ब. मा गाउँपालिका भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत तपशिल बमोजिमका योजनाहरु कार्यान्वयनका लागि छनौट गरी कार्य अगाडी बढाउनका वार्ड कार्यालयबाट योजना छनौट गरी कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नम्बर ३ मा छलफल गर्दा यस १४ औ गाउँसभाबाट कृषकहरुको आय आर्जन वृद्धि गरी सबल कृषक बनाउन र छिटो छरितो कृषि कार्य गर्नका लागि कृषकहरुको माग अनुसार अनुदानमा कृषि यान्त्र हाते टयाक्टर खरिदका लागि बजेट बिनियोजन भएकोले उक्त कार्य गर्नका लागि यस दुधपोखरी गाउँपालिका भित्रका सबै वार्ड कार्यालयहरुबाट कृषकको माग अनुसार हाते टयाक्टर खरिद गरिने भएको हुँदा कृषकहरुलाइ जानकारीका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नम्बर ४ मा छलफल गर्दा एन.वाइ.एस इन्जिनियरिङ एण्ड कन्स्ट्रक्शन प्रा.लि काठमाण्डौ बाट यस दुधपोखरी गाउँपालिका कार्यालयमा १३५ पिस सुधारिएको चुल्हो प्राप्त हुन आएकोले यस कार्यालय अन्तरगत वार्ड नं. १ देखि ५ सम्मका लागि प्रति वार्ड २०, वार्ड नं. ६ मा जनसंख्या बढी भएकोले २५ र बाँकी रहेका १० पिस सुधारिएको चुल्होलाइ आवश्यकतानुसार बितरण गर्ने निर्णय गरियो ।

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत

धन प्रसाद गुरुङ
अध्यक्ष



Scanned with CamScanner

निर्णय नं. ५ प्रस्ताव नम्बर ५ मा छलफल गर्दा यस दुधपोखरी गाउँपालिका भित्र रहेका पक्की नाला बर्षादको समयमा पहिरो गही पुरिएकोले दुधपोखरी गाउपालिका वार्ड नं. ६ को गौडा देखि माकुने सम्मको नाला सरसफाइ गर्नु पर्ने भएको र सो शिर्षकमा रकम समेत विनियोजन भएकोले वार्ड कार्यालयको प्रत्यक्ष निगरानिमा ज्यामी खोजी नाला सर सफाइ गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नम्बर ६ मा छलफल गर्दा बर्षादको समयमा यस गाउँपालिका भित्र रहेको दुधपोखरी ६ ओखारीबाट गौडा , गौडा – जोर्ने सडक खण्डमा पहिरो गइ सडक अवरुद्ध भएकोले उलि देवि निर्माण सेवा संग सम्झौता गरी कार्य सम्पन्न पश्चात प्राविधिक मूल्यांकनको आधारमा बिपद कोषबाट रकम भुक्तानि दिने गरी हाल अवरुद्ध सडक संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नम्बर ७ मा छलफल गर्दा नयाँ प्रशासकीय भवनमा नियमित बिद्युत लाइनको सेवा संचालन नहुने हुँदा सौर्य उर्जा जडानको लागि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सूचना प्रकाशन भइ सकेको हुँदा नया प्रशासकीय भवनमा सौर्य उर्जा जडान पश्चात संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तरगत नविकरणिय उर्जा प्रविधि जडानको रकम र गाँउपालिका मेशिनरी तथा औजार शिर्षरकबाट रकम भुक्तानि दिने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नम्बर ८ मा छलफल गर्दा गत आव २०७९।०८०मा भुक्तानि दिनु पर्ने पत्रपत्रिका संचार / खेलकुद/अन्य संस्था सहायता /बिपद/ बैठक खर्च व्यवस्थापन स्वास्थ्य /इन्टरनेट / आर्थिक सहायता/ किसान सूचिकरण / घरभाडा / कार्यालय संचालन लगायतका तपशिल बमोजिमको रकम म.ले.प.फा.नं. १८ मा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराइ आ.ब. २०८०।०८१ मा भुक्तानि दिने व्यवस्था गराउने निर्णय गरियो ।

तपशिल

| कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानि पाउनेको नाम | भुक्तानि दिन बाँकी रकम |
|---|---|---|---|
| किसान सूचिकरण | गाउँपालिका भित्रका वार्ड नं. १,२,५ र ६ मा किसान सूचिकरण कार्यक्रम | दुर्गा गुरुङ | 51500 |
| किसान सूचिकरण | | बिपिन मरहठ्ठा | 36400 |
| किसान सूचिकरण | | बिमल मरहठ्ठा | 40100 |
| किसान सूचिकरण | | बिवेक भट्ट | 24100 |
| किसान सूचिकरण | | | |
| किसान सूचिकरण | गणक ४ लाइ संचार | | 4000 |
| किसान सूचिकरण | गणक ४ लाइ खाजा | | 1800 |
| भन्सार बेसी पहिरो नियन्त्रण उपभोक्ता समिति | भन्सार बेसी स्थानमा बिपद भएकोले जालि राखि नियन्त्रण गर्न | भन्सार बेसी पहिरो नियन्त्रण उपभोक्ता समिति | 155604 |
| घर भाड | कार्यालय प्रयोजनका लागि घर भाडमा लिएको | धनकासी गुरु | 324000 |
| बिविध खर्च | ग.१.झ 375 को सवारी मर्मत,इन्धन र खानेपानी | सवारी चालक रमेश गुरुङ | 9688 |
| खेलकुद | दुधपोखरी गापा -६ मा खेलकुद संचालन | बेत्यानि युवा क्लव | 30000 |
| खेलकुद | दुधपोखरी गापा -६ मा खेलकुद संचालन | मिलन युवा क्लव | 30000 |
| खेलकुद | दुधपोखरी गापा -६ मा खेलकुद संचालन | आस्था युवा क्लव | 30000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | सामुदायिक रेडियो मर्स्याङदी | 10000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | लमजुङ पत्र साप्ताहिक | 12000 |

प्रमुख प्रशासकीय अधिकृत

2

धन प्रसाद गुरुङ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | रेडियो चौतारी | 10000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | फोरके मल्टि मिडिया प्रालि | 5000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | रेडियो लमजुङ | 8000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | अन्तरंग रा.साप्ताहिक | 7000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | स्वतन्त्र शक्ति साप्ताहिक | 7000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | क्रियटिभ मिडिया प्रालि | 5000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | लमजुङ आवाज साप्ताहिक | 5000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | लमजुङ दर्पण | 7000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | ने.नि.क.यु.कास्की | 10000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | ने.नि.क.यु.लमजुङ | 10000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | राष्ट्रसेवक कर्मचारी मंच | 10000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | ने.नि.क.संगठन लमजुङ | 10000 |
| पत्रपत्रिका/संचार | कार्यालयका बिबिध सूचना प्रकाशन | चौतारी लाइभ | 5000 |
| बिपद | बिभिन्न समयमा बिपद जन्य घटना | सुजिता न्यौपाने | 7000 |
| बिपद | बिभिन्न समयमा बिपद जन्य घटना | तेजवहादुर थापा | 5000 |
| बिपद | बिभिन्न समयमा बिपद जन्य घटना | प्रेम घले | 7000 |
| बिपद | बिभिन्न समयमा बिपद जन्य घटना | बिष्णुवहादुर बिक | 7000 |
| बिपद | बिभिन्न समयमा बिपद जन्य घटना | मैते घले | 4000 |
| बिपद | बिभिन्न समयमा बिपद जन्य घटना | यम वहादुर गुरुङ | 4000 |
| बिपद | बिभिन्न समयमा बिपद जन्य घटना | नपन तामाङ | 7000 |
| बिपद | बिभिन्न समयमा बिपद जन्य घटना | भिम गिरी | 4000 |
| बिपद | बिभिन्न समयमा बिपद जन्य घटना | कुल वहादुर गुरुङ | 10000 |
| बिपद | बिभिन्न समयमा बिपद जन्य घटना | छोमाया गुरुङ | 10000 |
| आर्थिक सहायता | बिभिन्न व्यक्तिहरुलाइ आर्थिक सहायता | मोहन सि भुजेल | 10000 |
| आर्थिक सहायता | बिभिन्न व्यक्तिहरुलाइ आर्थिक सहायता | पियारी गुरुङ | 10000 |
| आर्थिक सहायता | बिभिन्न व्यक्तिहरुलाइ आर्थिक सहायता | डण्ड प्रसाद गुरुङ | 5000 |
| आर्थिक सहायता | बिभिन्न व्यक्तिहरुलाइ आर्थिक सहायता | फुलमाया परियार | 5000 |
| आर्थिक सहायता | बिभिन्न व्यक्तिहरुलाइ आर्थिक सहायता | कृष्णवहादुर गुरुङ | 3000 |
| आर्थिक सहायता | बिभिन्न व्यक्तिहरुलाइ आर्थिक सहायता | सनवहादुर कामी | 10000 |
| आर्थिक सहायता | बिभिन्न व्यक्तिहरुलाइ आर्थिक सहायता | कुमार परियार | 5000 |
| इन्टरनेट | वार्डकार्यालयमा जडान इन्टरनेट भुक्तानि | अष्टिकल केवल | 38420 |
| दैभ्रभत्ता | कार्यालयको काम बिशेषले जादा | गणेशराज घिमिरे | 13100 |
| दैभ्रभत्ता | कार्यालयको काम बिशेषले जादा | दिनेश गुरुङ | 20800 |
| दैभ्रभत्ता | कार्यालयको काम बिशेषले जादा | रुपेश यादव | 6900 |
| विविध | कार्यालय संचालन खर्च | सन्तोष न्यौपाने | 24700 |
| विद्युत महशुल | कार्यालयमा जडान विद्युत महशुल भुक्तानी | नेपाल विद्युत प्राधिकरण | 60389 |
| दैभ्रभत्ता | कार्यालयको काम बिशेषले जादा | नन्दराज गुरुङ | 5200 |

परशुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत

धन प्रसाद गुरुङ
अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| खेलकुद | खेलकुद सम्वन्धि | जिल्ला भलिवल लमजुङ | 15000 |
| बिविध/खेलकुद | वार्डकार्यालयमा संचालित बिविध कार्यक्रम /खेलकुद कार्यक्रम/ भलिवल कार्यक्रम अन्तरगत भुक्तानि रकमको चेक सटही नभएकोले | कुल वहादुर तामाङ | 78479 |
| उत्कृष्ट सिकाइ | सामुदायिक बिद्यालयहरुको मापदण्ड अनुसार उत्कृष्ठ सिकाइ अनुदान | कल्लाबारी माध्यमिक बिद्यालय दुधपोखरी-१ लमजुङ | 200000 |
| बिविध | कार्यालय संचालन समेत | कुलवहादुर तामाङ | 28985 |
| बिविध | कार्यालय संचालन समेत | रियन्स किनारा पसल | 25040 |
| बिविध | कार्यालय संचालन समेत | शिव पौडेल | 5000 |
| इन्धन | सवारी साधनमा इन्धन भरे वापत | जय दक्षिणकालि आयल स्टोर्स | 157653 |
| सुत्केरी पोषण | सुत्केरी स्याहर भत्ता | डोलबिर राना | 5000 |
| पत्रपत्रिका | बिभिन्न सूचना प्रकाशन | देश दर्पण सासाहिक | 10000 |
| विद्युत महशुल | वार्ड कार्यालयको विद्युत महशुल भुक्तानी | नेपाल विद्युत प्राधिकरण | 2857 |
| बिविध | वार्ड कार्यालय संचालन खर्च | रन बि.क. | 37190 |
| दै.भ्र.भत्ता | कार्यालयको काममा भ्रमण | खडकवहादुर तामाङ | 7500 |
| दै.भ्र.भत्ता | कार्यालयको काममा भ्रमण | रामहरी न्यौपाने | 10000 |
| बिविध | स्वास्थ्य कार्यक्रम संचालन | बुद्धिवहादुर गुरुङ | 81019 |
| तलव | हे.अ. प्रमिता गुरुङको छुट तलव | प्रमिता गुरुङ | 228676 |
| बिविध | कार्यालयमा आएका आगन्तुतहरुको खाना खाजा | फ्रेण्डसिप भ्यु प्वाइन्ट होटल एण्ड रेष्टुरेण्ट | 42120 |

निर्णय नं. ९ प्रस्ताव नम्बर ९ मा छलफल गर्दा गाउँसभाले दिएको अधिकार प्रयोग गरी अधयक्षको अध्यक्षतामा उलिभुमि आमा समुह वार्ड नं. ६ मा रु २००००।- , बन्सार बेसी पहिरो नियन्त्रणका लागि रु २०००००।- र प्यारजुङ जोर्नी सडक अन्तरगतको सडक सफाइको रु १४६२५७।- र चिल्लि दोभान देखि बिचौर अन्तरगतका शाखा सडक सफाइको रु २०६१८४।- रकम भुक्तानि भएकोमा सो रकमलाइ अनुमोदन गर्ने निर्णय गरियो ।

परशुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत

धन प्रसाद गुरुङ
अध्यक्ष



Scanned with CamScanner

आज मिति २०८०।५।१० गतेका दिन यस दुधपोखरी गाउँपालिका, लमजुङका अध्यक्ष श्री धनप्रसाद गुरुङ ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी तपशिल बमोजिमका निर्णयहरु गरीयो ।

तपशिल

| सि.न. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | धन प्रसाद गुरुङ | अध्यक्ष | |
| २ | क्षेत्र बहादुर गुरुङ | उपाध्यक्ष | |
| ३ | दुर्गामान गुरुङ | सदस्य (वडाध्यक्ष-१) | |
| ४ | अमर गुरुङ | सदस्य (वडाध्यक्ष-२) | |
| ५ | श्याम गुरुङ | सदस्य (वडाध्यक्ष-३) | |
| ६ | ओम बहादुर गुरुङ | सदस्य (वडाध्यक्ष-४) | |
| ७ | दल बहादुर गुरुङ | सदस्य (वडाध्यक्ष-५) | |
| ८ | मनिस गुरुङ | सदस्य (वडाध्यक्ष-६) | |
| ९ | गोरी मायाँ गुरुङ | कार्यपालिका सदस्य | — |
| १० | सिता भुजेल | कार्यपालिका सदस्य | — |
| ११ | गंगा गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | रश्मी गुरुङ | कार्यपालिका सदस्य | |
| १३ | खेम राज घले | कार्यपालिका सदस्य | |
| १४ | जस बहादुर घले | कार्यपालिका सदस्य | |
| १५ | पर्शुराम उपाध्याय | सदस्य सचिव ( प्रमुख प्रशासकीय अधिकृत ) | |
| सहयोगी कर्मचारी | | | |
| १ | शिव पौडेल | लेखा सातौ दुधपोखरी गाउँपालिका का. | |
| २ | रमण बराल | प्रशासन छैटौ दुधपोखरी गाउँपालिका का. | |
| ३ | आसिक कुमार खत्री | दुधपोखरी गाउँपालिका का. इन्जिनियर | |

प्रस्तावहरु:

१ सहकारीबाट लिएको ऋण असुलि सम्वन्धमा

२ कार्यक्रममा खादा र माला नलगाउने सम्वन्धमा ।

३ बजार अनुगमन र व्यवसाय दर्ता सम्वन्धमा ।

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत

धन प्रसाद गुरुङ
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. १** प्रस्तव नम्बर १ मा छलफल गर्दा यस दुधपोखरी गाउँपालिका कार्यालय अन्तरगत संचालित सहकारी संस्थामा शेयर सदस्य वा अन्य व्यक्तिले लगेको ऋण सम्बन्धित सहकारी संस्थामा गइ नियमानुसार ऋण रकम बुझाउन अनुरोध गर्ने ।

**निर्णय नं. २** प्रस्तव नम्बर २ मा छलफल गर्दा दुधपोखरी गाउँपालिका भित्र रहेका सामुदायिक बिद्यालय , सरकारी कार्यालयहरुमा कार्यक्रम सचालन गर्दा खादा, व्याच समेतका सामाग्रीहरु प्रयोग नगरी स्थानिय वस्तुहरुलाई प्रोत्साहन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्तव नम्बर ३ मा छलफल गर्दा यस गाउँपलिका भित्र वार्ड नं १ देखि वार्ड नं. ६ सम्मका वार्डहरुमा संचालन भएका व्यपार व्यवसायको अनुगमनका लागि हाल वर्षादको समय भएको हुँदा बजार अनुगमन लगायतको कार्य गर्न असहज हुने भएकोले सडक सफाइ पश्चात जिल्ला स्थित सरोकार निकायको कार्यालयलाइ अनुरोध गरी बजार अनुगमन गर्ने र यस कार्यालयमा दर्ता नभइ संचालन भएका व्यवसायहरुलाइ दर्ताको लागि अनुरोध गर्ने निर्णय गरियो ।

परशुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत

धन प्रसाद गुरुङ
अध्यक्ष

आज मिति २०८०।६।१५ गतेका दिन यस दुधपोखरी गाउँपालिका, लमजुङका अध्यक्ष श्री धनप्रसाद गुरुङ ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिल बमोजिमका निर्णयहरु गरीयो ।

तपशिल

| सि.न. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | धन प्रसाद गुरुङ | अध्यक्ष | [signature] |
| २ | क्षेत्र बहादुर गुरुङ | उपाध्यक्ष | — |
| ३ | दुर्गामान गुरुङ | सदस्य (वडाध्यक्ष-१) | [signature] |
| ४ | अमर गुरुङ | सदस्य (वडाध्यक्ष-२) | [signature] |
| ५ | श्याम गुरुङ | सदस्य (वडाध्यक्ष-३) | [signature] |
| ६ | ओम बहादुर गुरुङ | सदस्य (वडाध्यक्ष-४) | [signature] |
| ७ | दल बहादुर गुरुङ | सदस्य (वडाध्यक्ष-५) | [signature] |
| ८ | मनिस गुरुङ | सदस्य (वडाध्यक्ष-६) | [signature] |
| ९ | गोरी मायाँ गुरुङ | कार्यपालिका सदस्य | गौरी |
| १० | सिता भुजेल | कार्यपालिका सदस्य | [signature] |
| ११ | गंगा गुरुङ | कार्यपालिका सदस्य | गंगा |
| १२ | रश्मी गुरुङ | कार्यपालिका सदस्य | [signature] |
| १३ | खेम राज घले | कार्यपालिका सदस्य | [signature] |
| १४ | जस बहादुर घले | कार्यपालिका सदस्य | [signature] |
| १५ | पर्शुराम उपाध्याय | सदस्य सचिव ( प्रमुख प्रशासकीय अधिकृत ) | |
| सहयोगी कर्मचारी | | | |
| १ | रमण बराल | योजना अधिकृत | [signature] |
| २ | | | |
| ३ | | | |

दुधपोखरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रस्तावहरुः

१ दोश्रो पैसीखोला लघु जलबिद्युत परियोजना दुधपोखरी- ३ र लखंरखोला लघु जलबिद्युत परियोजना दुधपोखरी -३ मा बर्षादको समयमा क्षति र चटयाङ परेकोले बिपद कोषबाट क्रमश १००००० र २५०००० रुपैया अनुदान उपलव्ध गराउने सम्वन्धमा ।

२ वडाध्यक्षहरुलाइ मोटरसाइकल उपलव्ध गराउने र नियमानुसार संचालनका लागि निर्देशन सम्वन्धमा ।

४ दुधपोखरी -५ का वडाध्यक्षलाइ रु ५००००।– आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा ।

५ दुधपोखरी -५ निवासी कुलवहादुर तामाङको घरको आर्थिक अवस्था कमजोर रहेको र निजका छोराहरुको अध्ययन राम्रो देखिएकोले प्रोत्साहन स्वरुप प्राविधकि बिषय अध्ययनका लागि रकम उपलव्ध गराउने सम्वन्धमा ।

परशुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत

धन प्रसाद गुरुङ
अध्यक्ष

CamScanner

दुधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... लमजुङ
गण्डकी प्रदेश, नेपाल

निर्णय नं. १ प्रस्ताव नम्बर १ मा छलफल गर्दा यस दुधपोखरी गाउँपालिका अन्तरगत दोश्रो पैसीखोला लघु जलबिद्युत परियोजना दुधपोखरी- ३ र लखंरखोला लघु जलबिद्युत परियोजना दुधपोखरी - ३ मा बर्षादको समयमा क्षति र चट्याङ परेकोले बिपद कोषबाट क्रमश १०००००  र २५०००० रुपैया अनुदान उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नम्बर मा छलफल गर्दा १४ औ गाउँसभाबाट वडाध्यक्षहरुलाइ एक वटा मोटर साइकल उपलव्ध गराउन बजेट बिनयोजन भएको र कार्यालयबाट खरिद भइ आएका मोटरसाइकलहरु वडा नं. १ देखि ६ सम्मका ६ वटा वडाध्यक्षलाइ सवारी ऐन तथा नियमावली बमोजिम संचालन गर्न शर्त सहित मोटरसाइकल उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नम्बर ३ मा छलफल गर्दा दुधपोखरी गाउँपालिका वार्ड नं. ५ का वडाध्यक्ष दलवहादुर गुरुङ बिरामी भइ असक्त भएकोले निजलाइ मेडिकल अधिकृतका कागजातहरु हेरी बिल अनुसार रु ५०००० पचासहजार रुपैया आर्थिक सहायता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नम्बर ४ मा छलफल गर्दा दुधपोखरी -५ निवासी कुलवहादुर तामाङको घरको आर्थिक अवस्था कमजोर रहेको र निजका छोराहरुको अध्ययन राम्रो देखिएकोले प्रोत्साहन स्वरुप प्राविधकि बिषय अध्ययनका लागि प्रति बिद्यार्थि एकलाइ रु. ६५०००। रुपैया शत्र सहित शैक्षिक अनुदान रकम उपलव्ध गराउने निर्णय गरियो ।

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत

धर्न प्रसाद गुरुङ
अध्यक्ष

Scanned with CamScanner

आज मिति २०८० साल कार्तिक महिनाको १९ गते आइतबारका दिन यस दूधपोखरी गाउँपालिका अध्यक्ष श्री धन प्रसाद गुरुङको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउकार्यपालिकाको बैठक बसि विभिन्न प्रस्ताबहरु माथि छलफल गरी निम्नानुसार निर्णय गरीयो ।

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री धन प्रसाद गुरुङ | अध्यक्ष | |
| २ | श्री क्षेत्र बहादुर गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री दुर्गामान गुरुङ | सदस्य | |
| ४ | श्री अमर गुरुङ | सदस्य | |
| ५ | श्री श्याम गुरुङ | सदस्य | |
| ६ | श्री ओम बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री दल बहादुर गुरुङ | सदस्य | — |
| ८ | श्री मनिस गुरुङ | सदस्य | |
| ९ | श्री गोरी मायाँ गुरुङ | सदस्य | — |
| १० | श्री सिता भुजेल | सदस्य | — |
| ११ | श्री गंगा गुरुङ | सदस्य | — |
| १२ | श्री रश्मी गुरुङ | सदस्य | |
| १३ | श्री खेम राज घले | सदस्य | |
| १४ | श्री जस बहादुर घले | सदस्य | — |
| १५ | श्री कुशल सुवेदी | सदस्य सचिव | |
| अन्य उपस्थिति | | | |
| १६ | शिव पौडेल | लेखा अधिकृत | |
| १७ | आशिक हर्ती | इन्जिनियर | |
| १८ | रमण बाल्ले | योजना अधिकृत | |
| १८ | रमहरि धापाने | रोजगार संयोजक | |
| १९ | दिनेश गुरुङ | ना. प्र. सं. | |

दूधपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गौडा, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

दुधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडा, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रस्तावहरू:

१. धन्यवाद ज्ञापन र स्वागत।
२. मिति २०८०/०७/१७ मा गएको भुकम्पको क्षति तथा सहयोग।
३. बृहत खानेपानी को भुक्तानी।
४. योजना सम्झौता ।
५. रूट इजाजत।
६. विविध।

निर्णयहरू.

१. प्रस्ताव नम्बर १ मा छलफल गर्दा यस दुधपोखरी गाउँपालिकामा २०७९ चैतदेखि मिति २०८०/६/२५ सम्म प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्य गर्नुभएका श्री पर्शुराम उपाध्यायले यस पालिकाको हितमा पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गरी धन्यवाद व्यक्त गर्ने साथै मिति २०८०/०७/१३ मा यस गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रूपमा खटिई आउनुभएका श्री कुशल सुवेदीलाई स्वागत गरी सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो।
२. मिति २०८०/०७/१७ मा गएको बिनाशकारी भुकम्पबाट जाजरकोट तथा रुकुम पश्चिममा मानवीय, भौतिकसमेत क्षतिको विवरण आइरहेको सन्दर्भमा यस गाउँपालिकाबाट उक्त भुकम्पबाट प्रभावित दुई जिल्लामा यस पालिकाको विपद् व्यवस्थापन शिर्षकमा रहेको रकमबाट प्रति जिल्ला ५०/५० हजारका दरले सहयोग उपलव्ध गराउने साथै उक्त भुकम्पबाट यस गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारी डोइलिबीर रानाको यस गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधीको १ दिनको तलब बराबरको रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो।
३. संघीय सरकारद्वारा हस्तान्तरित विशेष अनुदानको "दुधपोखरी गाउँपालिका बृहत खानेपानी आयोजना कार्यक्रम" तर्फको यस गाउँपालिकाका प्राविधिकबाट भुक्तानी सिफारिस भएको पुरानो रनिङ बिलको भुक्तानी बाँकी रकम रू. ९,२०,४७७।- सहित दायित्व सृजना भएको जम्मा रकम रू. ७५,५५,६४४।-(अक्षेरुपी पचहत्तर लाख पचपन्न हजार छ सय चवालीस मात्र) भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।
४. चालु आ.व. २०८०/०८१ को बजेटमा समावेश गरिएका योजनाहरू अपेक्षित समयमा सम्पन्न गर्न २०८० को मंसिर पहिलो हप्ताभित्र उपभोक्ता समिति गठन गरिसक्ने र सबै योजनाहरू फागुन मसान्तभित्र सम्झौता गरी जेठ मसान्तभित्र सम्पूर्ण योजनाहरू सम्पन्न गर्ने गराउने निर्णय गरियो।
५. रात्रिकालीन सेवा प्रदान गर्न इच्छा देखाई निवेदन पेस गरेको देखिँदा निजलाई काठमाडौं दुधपोखरी रात्रिकालीन बस सेवा सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो।
६. विविधः-

कुशल
प्रमुख प्रशासकीय अधिकृत

दुधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडा, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

धन प्रसाद गुरुङ
अध्यक्ष

३१५

- भूमिहीन दलित, सुकुम्वासीसमेतका भूमि आयोगले संकलन गरेका वर्गलाई जग्गा उपलब्ध गराउने प्रकृयाका लागि वडा वडाबाट निवेदनहरु संकलन गरी दाबी विरोधको सूचना प्रकाशित गरी गराई पालिकाको सहजीकरण समितिसमक्ष पेस गर्ने निर्णय गरियो।
- पालिकाको आ.व. २०८०/०८१ को बजेटमा समपूरक अनुदानमा आधारित मिनिटिलर हलो वितरणसम्वन्धी कार्यका लागि वडा वडामा जानकारी गराउने साथै उक्त कार्यको प्रकृया यथाशीघ्र सुरुवात गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।
- यस गाउँपालिकाले मिति २०८०/०५/३१ मा खुलाएको लामागाउँ जोर्ने सामघडेरी सडक स्तरोन्नती योजनासम्बन्धी टेन्डर प्रकृयामा सहभागी गोरखा कालिका गुम्दा जे.भी. र आर के कन्स्ट्रक्सनको बोलपत्र पेस भएकोमा गोरखा कालिका गुम्दा जे.भी.को लेखापरीक्षण प्रतिवेदन ४ वर्षको मात्र देखिएको सन्दर्भमा उक्त बोलपत्रवालालाई प्रभावग्राही नमान्दा पालिकाको टेन्डर प्रकृयामा प्रतिस्पर्धा हुने नदेखिएको, जसबाट एउटामात्र बोलपत्रवालाले आर्थिक प्रस्ताव पेस गर्दा आर्थिक रूपले अधिकतम लागत पेस गर्ने सम्भावना हुने, जसबाट न्युन लागत तथा योजनाको काममा उच्च गुणस्तर कायम गर्ने पालिकाको उद्देश्य सफल हुने नदेखिएकाले बाँकी सबै Criteria मा सफल उक्त ४ वर्षको लेखापरीक्षण प्रतिवेदन पेस गर्ने बोलपत्रवालालाई समेत सारभूत रूपमा प्रभावग्राही मानी दुवै कम्पनीहरूलाई आर्थिक प्रस्तावको प्रकृयामा समावेश गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।
- यस गाउँपालिकाअन्तर्गत रिक्त रहेका स्टाफ नर्स, अहेव र अनमीको पूर्व विज्ञापन तथा मिति २०८०/०७/१३ मा रिक्त अनमी पद संख्या-१ को हकमा कार्यालयबाट पदपूर्तिका लागि मिति २०८०/०७/१४ मा भएको विज्ञापनको निर्णयलाई अनुमोदन गर्ने। साथै जनस्वास्थ्य जस्तो अत्यावश्यक सेवामा पर्ने सेवा(२४ घण्टे) को पद रिक्त राख्दा जनताको सुख र सुविधामा गम्भीर प्रभाव पर्न सक्ने, कर्मचारी छनौटको परीक्षा सञ्चालन गर्न समय लाग्ने, एकै प्रकृतिको परीक्षा पटकपटक सञ्चालन गर्दा उल्लेख्य खर्च हुने देखिएकाले र पहिले गरिएको विज्ञापनको पद र मिति २०८०/०७/१४ मा गरिएको विज्ञापनको पद एउटैसमेत देखिएकाले मिति २०८०/७/१३ मा रिक्त पदमा समेत एकैपटक अघिल्लो विज्ञापनमा परेको दरखास्तका उम्मेदवारलाईसमेत उम्मेदवार कायम गरी स्वच्छ प्रतिस्पर्धाका आधारमा असल र उम्दा कर्मचारी छनौट हुने गरी तिहार अगावै परीक्षा सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

कुशल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

गाउँकार्यपालिकाको कार्यालय
गोरखा, गण्डकी प्रदेश, नेपाल
२०७३

अध्यक्ष

आज मिति २०८० साल [illegible] महिनाको १० गते आइतबारका दिन यस दूधपोखरी गाउँपालिका अध्यक्ष श्री धन प्रसाद गुरुङको अध्यक्षतामा देहायशिल बमोजिमको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसि विभिन्न प्रस्तावहरु माथि छलफल गरी निम्न बमोजिम निर्णय गरीयो ।

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री धन प्रसाद गुरुङ | अध्यक्ष | |
| २ | श्री क्षेत्र बहादुर गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री दुर्गाप्रसाद गुरुङ | सदस्य | |
| ४ | श्री अमर गुरुङ | सदस्य | |
| ५ | श्री श्याम गुरुङ | सदस्य | |
| ६ | श्री ओम बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री दल बहादुर गुरुङ | सदस्य | |
| ८ | श्री मनिस गुरुङ | सदस्य | |
| ९ | श्री गौरी मायाँ गुरुङ | सदस्य | |
| १० | श्री सिता सुवेदी | सदस्य | |
| ११ | श्री गंगा गुरुङ | सदस्य | |
| १२ | श्री रश्मी गुरुङ | सदस्य | — |
| १३ | श्री खेम राज थली | सदस्य | — |
| १४ | श्री जस बहादुर थलि | सदस्य | |
| १५ | श्री कुशल सुवेदी | सदस्य सचिव | |
| अन्य उपस्थिति | | | |
| १६ | कुस्मी [illegible] | कर्मचारी, गा.पा. | |
| १७ | शिव [illegible] | [illegible] | |
| १८ | | | |
| १९ | | | |

दूधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौडा, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प्रस्तावहरू: २०८०/०८/१०

१. भूमि आयोगमा नाम पठाउने सम्बन्धमा।

२. जग्गा वर्गीकरण सम्बन्धमा ।

३. कृषि र भेटनरी शाखा सम्बन्धमा।

४. योजना सम्झौता ।

५. शिक्षक दरबन्दी सम्बन्धमा।

६. अपाङ्ग दिवस मनाउने सम्बन्धमा।

७. विविध।

धन प्रसाद गुरुङ
अध्यक्ष

Scanned with CamScanner

## निर्णयहरू

१. प्रस्ताव नम्बर १ मा छलफल गर्दा सहजीकरण समितिबाट पेस भई आएका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका नामहरूलाई प्रमाणीकरण गरी आवश्यक कारवाहीका लागि जिल्ला स्थित भूमि आयोगमा पठाउने निर्णय गरियो।

२. जोर्नेस्थितका जग्गालाई वर्गीकरणका समयमा कृषि जग्गाको रूपमा वर्गीकरण गरिएकोमा उक्त जग्गालाई गैरकृषि जग्गाको रूपमा वर्गीकरण गरिपाउन निवेदन पेस भएको सन्दर्भमा उक्त जग्गालाई गैरकृषि जग्गाको रूपमा राख्ने गरी आवश्यक कारबाही गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

३. कृषि शाखा तथा पशुसेवा शाखा साविकदेखि नै गौंडाबाट सञ्चालन भैआएको हुँदा उक्त दुई शाखाहरू गौंडामा नै राखिपाउन निवेदन पेस भएकोमा उक्त शाखाका कामसँग प्रशासनीक कामसमेत सम्बन्धित हुने र छुट्टाछुट्टै शाखा कार्यालय राख्दा जनतालाई तलमाथि ओहोरदोहोर गर्दा अनावश्यक झन्झट एवं दुःख हुने देखिएको तथा एकीकृत सेवा प्रवाह गर्दा प्रशासनीक सुगमता एवं जनताको सुविधा हुने देखिएकाले उक्त शाखाहरू गाउँपालिकाको नयाँ प्रशासकीय भवनसँगै सञ्चालन गर्ने गरी व्यवस्थापन गर्ने निर्णय गरियो।

४. उपभोक्ता समिति गठन एवं योजनाको प्रारम्भिक रेखाङ्कन गरिसकेको सन्दर्भमा मिति २०८०/०८/१२ भित्रमा वडा वडामा प्राविधिकको व्यवस्था गरी मंसिरको तेस्रो हप्ता योजना सम्झौता एवं एकीकृत घुम्ती सेवा सञ्चालन गर्ने निर्णय गरियो।

५. यस पालिकाअन्तर्गत माद्यामिक तहको अध्ययन अध्यापन हुने विद्यालयमा अंग्रेजी, गणित र विज्ञान विषयमध्ये कुनै दुई विषयका लागि संघीय सरकारमार्फत २ वटा अनुदान कोटाको व्यवस्था भएकाले उक्त अनुदान कोटा सानोकाभ्रे मा.वि. र कलाबारी मा.वि.मा उपलब्ध गराउने निर्णय गरियो।

६. विश्व अपाङ्ग दिवसको दिन यस गाउँपालिकाका अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने। समग्रमा पालिकाभरिमा अपाङ्गता भएका व्यक्तिको संख्या ३०० भन्दा बढी भएको सन्दर्भमा (क) वर्गमा वर्गीकृत अपाङ्गता भएका व्यक्तिलाई सिरक वितरण गर्ने र सोका लागि आवश्यक पर्ने सिरक खरिद गर्न कार्यालयलाई निर्देशन दिने साथै उक्त दिवसको दिन रेडक्रसबाट समेत सहयोग गर्ने मौखिक आश्वासन प्राप्त भएकोमा उक्त सहयोगलाई आवश्यकतामा आधारित भई विभेदरहित तथा समानताका साथ प्रयोग गर्ने गराउने निर्णय गरियो।

७. विविधः-

क. प्रहरी चौकी गौंडा लमजुङ र इलाका प्रहरी कार्यालय बिचौर, लमजुङले विजया दशमीको पावन अवसरमा मौलो पुजाका लागि सहयोगका लागि निवेदन पेस गरेकोमा चलिआएको रिति रिवाज तथा संस्कृतिलाई संरक्षण एवं जगेर्ना गर्न पालिकाबाट गर्ने गरेको सहयोगलाई निरन्तरता दिई पालिकाबाट दिइने गरेको सहयोग स्वरूप बिलबमोजिम रू. २९,९७५।—(अक्षेरुपी उनान्तीस हजार नौ सय पचहत्तर) भुक्तानी दिन गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ख. महिला हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा महिला हिंसा न्यूनीकरण गर्दै महिलाउपरका सबैखाले हिंसा अन्त्य गर्ने मार्गमा सचेतना कार्यक्रम सञ्चालन गर्ने, उक्त दिनमा महिलाको हकहितसँग सरोकार राख्ने सरोकारवालाहरूलाई उक्त कार्यक्रममा समेट्ने गरी कार्यक्रम तय गरी सम्पन्न गर्न जनप्रतिनिधीहरूको तर्फबाट सबैखाले साथ र समर्थन गर्ने निर्णय गरियो।

धन प्रसाद गुरुङ
अध्यक्ष

ग. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगमा तर्जुमा गरिने राजस्व सुधार कार्ययोजनाको कार्यक्षेत्रगत शर्त-२०८० लाई सर्वसम्मत पारित गर्ने निर्णय गरियो।

घ. गाउँसभाले व्यवस्था गरेको बजेट शीर्षकबाट परामर्शदाता/विज्ञको आवश्यक सहयोग लिई कुँयले-उदी-ठुलो काभ्रे सडकखण्डको डिपिआर कार्य यथासक्य छिटो गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ङ. योजना अनुगमन विषयगत समिति सम्वन्धमा मिति २०७९/०२/२० मा गठित अमर गुरुङ संयोजक तथा बल बहादुर गुरुङ, विनोद गुरुङ, भुन्टी तामाङ, हिरा वि.क सदस्य रहेको पूर्वाधार विकास समिति-१, श्याम गुरुङ संयोजक तथा मतराज गुरुङ, सिंग बहादुर गुरुङ, गोरी गुरुङ, विमला वि.क., खेम राज घले सदस्य रहेको वातावरण तथा विपद् व्यवस्थापन समिति-२, ओम बहादुर गुरुङ संयोजक तथा श्रीमान् गुरुङ, जस बहादुर घले, जित बहादुर गुरुङ, निल कुमारी परियार, सिर्जना वि.क. सदस्य रहेको विधेयक समिति-३, दल बहादुर गुरुङ संयोजक तथा सुशिला सुनार विश्वनाथ दवाडी, गंगा गुरुङ, बेल बहादुर गुरुङ सदस्य रहेको सार्वजनिक सेवा तथा क्षमता विकास समिति-४, दूर्गमान गरुङ संयोजक तथा सिता भुजेल, टेक माया कामी, भिम बहादुर गुरुङ, भोज राज गुरुङ सदस्य रहेको आर्थिक विकास समिति-५, मनिष गुरुङ संयोजक तथा नविन न्यौपाने, टेक बहादुर घले, रश्मी गुरुङ, बुद्धमाया वि.क. सदस्य रहेको सामाजिक विकास समिति-६ लाई निरन्तरता दिई उक्त समितिहरूमा देहायबमोजिम सदस्य सचिव तोक्ने निर्णय गरियो।

अ. पूर्वाधार विकास समिति- सदस्य सचिव ईन्जिनियर श्री आशिक कुमार क्षेत्री

आ. वातावरण तथा विपद् व्यवस्थापन समिति- सदस्य सचिव श्री शिंव पौडेल

इ. विधेयक समिति- सदस्य सचिव श्री रमण बराल

ई. सार्वजनिक सेवा तथा क्षमता विकास समिति- सदस्य सचिव श्री रमण बराल

उ. आर्थिक विकास समिति- सदस्य सचिव श्री सुशान लामिछाने

ऊ. सामाजिक विकास समिति- सदस्य सचिव श्री सुसिल नराल

कुशल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

धन प्रसाद गुरुङ
अध्यक्ष

Scanned with CamScanner

आज मिति २०८०।०९।०६ का दिन यस दुधपोखरी गाउँपालिका, लमजुङका अध्यक्ष श्री धनप्रसाद गुरुङ ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँकार्यपालिकाका सदस्यहरूको उपस्थितिमा बैठक बसी तपशिल बमोजिमका निर्णयहरू गरियो।

## तपशिल

| सि.न. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | धन प्रसाद गुरुङ | अध्यक्ष | (हस्ताक्षर) |
| २ | क्षेत्र बहादुर गुरुङ | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३ | दुर्गामान गुरुङ | सदस्य (वडाध्यक्ष-१) | (हस्ताक्षर) |
| ४ | अमर गुरुङ | सदस्य (वडाध्यक्ष-२) | (हस्ताक्षर) |
| ५ | श्याम गुरुङ | सदस्य (वडाध्यक्ष-३) | (हस्ताक्षर) |
| ६ | ओम बहादुर गुरुङ | सदस्य (वडाध्यक्ष-४) | (हस्ताक्षर) |
| ७ | दल बहादुर गुरुङ | सदस्य (वडाध्यक्ष-५) | (हस्ताक्षर) |
| ८ | मनिस गुरुङ | सदस्य (वडाध्यक्ष-६) | (हस्ताक्षर) |
| ९ | गोरी मायाँ गुरुङ | कार्यपालिका सदस्य | — |
| १० | सिता भुजेल | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| ११ | गंगा गुरुङ | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १२ | रश्मी गुरुङ | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १३ | खेम राज घले | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १४ | जस बहादुर घले | कार्यपालिका सदस्य | |
| १५ | कुशल सुवेदी | सदस्य सचिव ( प्रमुख प्रशासकीय अधिकृत ) | (हस्ताक्षर) |
| आमन्त्रित/सहयोगी कर्मचारी | | | |
| १ | शिव पौडेल | अधिकृत सातौं, लेखा | (हस्ताक्षर) |
| २ | आशिक कुमार क्षेत्री | अधिकृत सातौं, ईन्जिनियर | (हस्ताक्षर) |
| ३ | रमन बराल | अधिकृत छैटौं, प्रशासन | (हस्ताक्षर) |

(छाप: दुधपोखरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, लमजुङ, गण्डकी प्रदेश, नेपाल, २०७३)

प्रस्तावहरू: २०८०/०९/०६

१. पाइप खरिद प्रशासकीय भवन,

२. योजना छनौट,

३. MTMP,

४. सार्वजनिक-निजी साझेदारी तथा निजी लगानीयोग्य परियोजना छनोट,

५. सिताके च्याउ खेति,

६. मौरी पकेट विकास कार्यक्रम निरन्तरता,

७. ओखर खेति कार्यक्रम,

८. जेष्ठ नागरिक र अपाङगता भएकाहरूलाई न्यानो सिरक खरिद,

९. योजना सम्झौता,

१०. हिउदे गाउँसभा,

११. सम्पन्न योजनाको भुक्तानी,

१२. पशुसेवा पूर्णखोपयुक्त पालिका,

१३. विविध।

धन प्रसाद गुरुङ
अध्यक्ष

Scanned with CamScanner

## निर्णयहरू

१. प्रस्ताब नम्बर १ माथि छलफल गर्दा यस दूधपोखरि गाउँपालिकाको प्रशासनिक भवनका लागी आवश्यक प्राविधिक स्टिमेट बमोजिम पाइप खरिदको लागी कन्टिन्जेन्सी रकमबाट खर्च गर्न कार्यालयलाई निर्देशन दिने र उक्त खर्चको अनुमोदन आगामी गाउँसभाबाट गर्ने निर्णय गरियो।

२. प्रस्ताब नम्बर २ माथि छलफल गर्दा आगामी आवको लागि संघीय मन्त्रालय तथा योजना आयोगबाट तपशिलबमोजिमका योजनाहरू माग गर्ने निर्णय गरियो।

क. सेर्ले कालिमाटी-गौडा मोटरबाटो स्तरोन्नति,

ख. मिथोभन्ज्याङ -कोल्कि-दोभान मोटरबाटो स्तरोन्नति,

ग. सामघडेरि-पोखराटार मोटरबाटो स्तरोन्नति,

घ. बोराङखोला -बिचौर- कुनाघाट मोटरबाटो स्तरोन्नति,

ङ. प्यार्जुङ -पातले मोटरबाटो स्तरोन्नति,

च. दूधपोखरी बृहत खानेपानि योजना।

३. प्रस्ताब नम्बर ३ माथि छलफल गर्दा MTMP कार्यक्रमको लागी परामर्श सेवा शिर्षकबाट छुट्याइएको बजेटबाट १५ लाखसम्म खर्च गर्ने गरी गुरूयोजना तयार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

४. प्रस्ताब नम्बर ४ माथि छलफल गर्दा सार्वजनिक-निजी साझेदारी तथा निजी लगानीयोग्य परियोजनाका रूपमा दुधपोखरी पदमार्ग, इलमपोखरी ताल संरक्षण, देउराली लेन्हर च्यो पदमार्ग तथा पिकनिक स्पोट योजनाहरू छनोट गर्ने निर्णय गरियो।

५. प्रस्ताब नम्बर ५ माथि छलफल गर्दा सिताके च्याउ खेति संचालन गर्नको लागि बिनियोजित एक लाख मध्ये रू.६०,०००। बिउलगायतका सामाग्री खरिद गर्न र रू.४०,०००।– तालिम कार्यक्रममा खर्च गर्ने निर्णय गरियो।

६. प्रस्ताब नम्बर ६ माथि छलफल गर्दा मौरी बिकास कार्यक्रमको लागि यस आवमा रू.६ लाख बजेट बिनियोजित भएकोमा मौरी घारको माग गर्ने व्यवसायी तथा किसानको संख्या धेरै रहेको हुँदा मौरी पकेट समितिमा आवद्ध कृषकलाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

७. प्रस्ताब नम्बर ७ माथि छलफल गर्दा यस दूधपोखरी गाउँपालिकाका ब्यक्ति, समुह वा कृषि शाखामा दर्ता भएका कृषि फर्म/समुहलाई ओखर ट्रायल खेतिको लागि समावेश गर्ने निर्णय गरियो।

८. प्रस्ताब नम्बर ८ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेका जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई न्यानो सिरक खरिद गरी वितरण गर्दा अपाङ्गता भएका व्यक्तिको हकमा "क" बर्गको परिचयपत्रधारीलाई तथा जेष्ठ नागरिकको हकमा ८० बर्ष पूरा भएकालाई तथा सिरक बाँकि रहेमा ७५ बर्ष माथिका ज्येष्ठता तथा आर्थिक हिसाबले कमजोर वर्गलाई समेत बितरण गर्ने निर्णय गरियो।

९. प्रस्ताब नम्बर ९ माथि छलफल गर्दा यस गाउँपालिकाको १४औं गाउँसभाबाट बजेट बिनियोजित योजनाहरूको लागि २०८०पौष २५ गते भित्र सम्झौता गर्नुपर्ने निर्णय गरियो। साथै सो समयभित्र सम्झौता हुन नसकेका योजनाहरूको लागि १५औं गाउँसभाले व्यवस्थापन गर्ने निर्णय गरियो।

१०. प्रस्ताब नम्बर १० माथि छुलफल गर्दा यस गाउँपालिका गाउँसभाको १५औं अधिवेशन यही मिति २०८०/०९/२६ का दिन गर्ने निर्णय गरियो।

कुशल ...
प्रमुख प्रशासकीय अधिकृत

धन प्रसाद गुरुङ
अध्यक्ष

११. प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा सम्पन्न प्रशासकीय भवन वाल निर्माण, गौंडा काटौधारा हाउ सडक स्तरोन्नति तथा अन्य सम्पन्न भई भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृतसमक्ष सिफारिस हुन आएका योजनाहरूको भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

१२. प्रस्ताव नम्बर १२ माथि छलफल गर्दा दूधपोखरी गाउँपालिकालाई पशुपंन्छी पुर्णखोपयुक्त पालिका घोषणा गर्न आवश्यक समन्वय एवं सहयोग गर्ने निर्णय गरियो।

१३. प्रस्ताव नम्बर १३ माथि छलफल गर्दाः

क. शिक्षा शाखाबाट पेश हुन आएको जिल्लास्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउन पालिकाबाट छुटयाइएको बजेट अपुग भएकोले हाललाई सोको लागि कार्यक्रम खर्च शिर्षकबाट रू.१ लाखसम्म बजेट व्यवस्थापन गरी खर्च गर्न कार्यालयलाई निर्देशन दिने र उक्त खर्चको अनुमोदन आगामी गाउँसभाबाट गर्ने निर्णय गरियो।

ख. लागुऔषधको रोकथाम र नियन्त्रण सम्वन्धी स्थानीय तहलाई मार्गदर्शन, २०७६ले तोकेबमोजिमको लागऔषध नियन्त्रण समिति तपसिलबमोजिम हुने गरी गठन गर्ने निर्णय गरियो।

१. धनप्रसाद गुरूङ-अध्यक्ष
२. क्षेत्र बहादुर गुरूङ-उपाध्यक्ष
३. बुद्धि बहादुर गुरूङ-सदस्य
४. सुशील नराल-सदस्य
५. उत्तरमान गुरूङ-सदस्य
६. सदस्य
७. सदस्य
८. सदस्य
९. सदस्य
१०. कुशल सुवेदी -सदस्य सचिव

कुशल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

धन प्रसाद गुरुङ
अध्यक्ष

आज मिति २०८०।०९।२५ का दिन यस दुधपोखरी गाउँपालिका, लमजुङका अध्यक्ष श्री धनप्रसाद गुरूङ ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँकार्यपालिकाका सदस्यहरूको उपस्थितिमा बैठक बसी तपशिल बमोजिमका निर्णयहरू गरियो।

## तपशिल

| सि.न. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | धन प्रसाद गुरूङ | अध्यक्ष | |
| २ | क्षेत्र बहादुर गुरूङ | उपाध्यक्ष | |
| ३ | दुर्गामान गुरूङ | सदस्य (वडाध्यक्ष-१) | |
| ४ | अमर गुरूङ | सदस्य (वडाध्यक्ष-२) | |
| ५ | श्याम गुरूङ | सदस्य (वडाध्यक्ष-३) | |
| ६ | ओम बहादुर गुरूङ | सदस्य (वडाध्यक्ष-४) | |
| ७ | दल बहादुर गुरूङ | सदस्य (वडाध्यक्ष-५) | |
| ८ | मनिस गुरूङ | सदस्य (वडाध्यक्ष-६) | |
| ९ | गोरी मायाँ गुरूङ | कार्यपालिका सदस्य | |
| १० | सिता भुजेल | कार्यपालिका सदस्य | |
| ११ | गंगा गुरूङ | कार्यपालिका सदस्य | |
| १२ | रश्मी गुरूङ | कार्यपालिका सदस्य | |
| १३ | खेम राज घले | कार्यपालिका सदस्य | — |
| १४ | जस बहादुर घले | कार्यपालिका सदस्य | |
| १५ | कुशल सुवेदी | सदस्य सचिव ( प्रमुख प्रशासकीय अधिकृत ) | |
| आमन्त्रित/सहयोगी कर्मचारी | | | |
| १ | शिव पौडेल | अधिकृत सातौं, लेखा | |
| २ | आशिक कुमार क्षेत्री | अधिकृत सातौं, ईन्जिनियर | |
| ३ | सुसिल नराल | अधिकृत सातौं, शिक्षा | |
| ४ | रमण बराल | अधिकृत छैटौं, प्रशासन | |

मितिः २०८०/०९/२५

कार्यपालिका बैठकका एजेण्डाहरूः

१. आ.ब. २०७९/८० को खर्च अनुमोदन सम्बन्धमा,

२. गाउँपालिकाको अर्धबार्षिक समिक्षा सम्बन्धमा,

३. बिनियोजन विधेयक संशोधन सम्बन्धमा,

४. हालसम्मका कार्यपालिका बैठकको निर्णय अनुमोदन सम्बन्धमा,

५. चालु आ.ब.२०८०/८१ को हालसम्म भएको खर्चको अनुमोदन सम्बन्धमा,

